नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

# सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, कैलाली

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८ साल कार्तिक २३ गते मंगलवार।

यस सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी, कैलालीमा रहेका कुकुरहरुका लागी पशुपंक्षी आहार शिर्षक अन्तर्गत कुकुर दाना सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा आ.ब.२०७८/०७९ अर्थात २०७८ साल माघ १ गते देखि २०७९ साल पौष मसान्त सम्म बर्ष १ को लागी खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मिति २०७८/०७/२३ गते मंगलवार देखी २०७८/०८/०७ गते मंगलबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०७८/०८/०८ गते बुधबार दिनको १२:०० बजे सम्ममा निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना **www.sudurpashchim.nepalpolice.gov.np** मा हेर्न सकिनेछ। विस्तृत विवरण बुझ्नु परेमा कार्यालय समय भित्र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी, कैलालीमा सोझै सम्पर्क गर्न वा फोन नं. ०९१-५२४९९८, ९८५८४९००५० मा सम्पर्क गर्न सकिने छ।

**तपसिलः**

१. खरिद गरिने पशुपक्षीको आहारको किसिम र परिमाण तथा प्राविधिक बिबरण (स्पेशिफिकेसन) लगायत अन्य शर्तहरु शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

२. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्रदाताहरुले मिति २०७८/०८/०७ गते मंगलवार सम्म कार्यालय समय भित्र तोकिएको शुल्क रु.१,०००।– (रु एक हजार मात्र) मात्र फिर्ता नहुने गरी लिखित निवेदन सहित फर्म, संस्था, कम्पनि दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाणपत्र आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७७/०७८ को कर विवरण पेश गरेको / म्याद थपको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत संलग्न राखी यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

३. शिलबन्दी दरभाउपत्र दाताहरुले मिति २०७८/०८/०८ गते बुधबार १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ। शिलबन्दी दाखिला भएका दरभाउपत्रहरु सोही दिनको १४:०० बजे पशुपंक्षि आहार (कुकुर दाना) खरिद दरभाउपत्र मुल्याङ्कन समिति एवं उपस्थित प्रतिनिधी, दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता तथा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथी उल्लेखित स्थान र समयभित्र दरभाउ पत्रहरु खोलिने छ।

४. दरभाउपत्र फाराम साथ तोकिएको जमानत रकम रु.२३,१००।– (तेईस हजार एक सय मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, धनगढी स्थित एकल धरौटी खाता नं. ४१७०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै दोस्रो प्रति भौचर वा "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकबाट नियमानुसार जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ। बैंक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागी ७५ दिन मान्य अवधिको हुनु पर्नेछ।

५. दरभाउपत्र दाताहरुले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ४० उप-नियम २ (ङ) मा उल्लेख भए अनुसार खरिद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धि कसुरमा आफुले सजाँय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ।

प्रदेश प्रहरी प्रमुख
(पुरुषोत्तम कंडेल)
प्रहरी नायव महानिरीक्षक

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय
धनगढी



६. रित नपुगी वा दरभाउपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन।

७. दरभाउपत्र फारम शिलबन्दी गरी दरभाउपत्रको बिषय, दरभाउपत्र पाउने कार्यालय वा अधिकारीको नाम र ठेगाना उल्लेख गरी पेश गर्नु पर्नेछ।

८. दरभाउपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्यसूची भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रतिदिन प्रति कुकुरको आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

९. एक ब्यक्ति फर्म संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति फर्म संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

१०. कुकुर दाना (आहारा) खरिद सम्झौता अवधिभर कुनै पनि मुल्य बृद्धि दिईने छैन, ढुवानी वापतको खर्च आपुर्तिकर्ता स्वंमले व्यहोर्नु पर्नेछ।

११. कुकुर दाना (आहार) यस कार्यालयमा राखिएको नमुना र दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको प्राबिधिक विवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप आपुर्ति गर्नुपर्ने छ। आपुर्तिकर्ताले कुकुर दाना आहारको नमुना १ (एक) किलोग्राममा नघटाई शिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

१२. दरभाउपत्र स्वीकृत भई खरिद सम्झौता गर्न आउदा दरभाउपत्र साथ नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेको भए बार्षिक कबोल अंकको ५% नगदै कोष तथा लेखा नियन्त्रण कार्यालय धनगढी, कैलालीको राष्ट्रिय बाणिज्य बैंक धनगढी, कैलालीमा रहेको धरौटी खाता नं. ४१७०१००१०२०३०००० मा जम्मा गरी दोस्रो प्रति सक्कल बैंक भौचर पेश गरी ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बार्षिक कबोल अंकको ५ प्रतिशत रकम बराबरको परफरमेन्स बण्ड (कुकुर दाना आहार खरिद सम्झौता अवधी भन्दा कम्तीमा १ महिना बढी मान्य अवधि भएको कार्य सम्पादन जमानत पत्र) पेश गरेपछी मात्र सम्झौता गरि गराई सम्झौता पत्र र कार्यदेश पत्र दिईनेछ।

१३. पेश्की लिनको लागी खरीद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधी मान्य हुने ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (जमानत) पेश गर्नु पर्नेछ।

१४. प्रत्येक महिनाको रनिङ बिलबाट भुक्तानी अंकको १.५% अग्रिम आयकर वापत हुने रकम कट्टा गरी (फिर्ता नहुने गरी) आन्तरिक राजश्व कार्यालयमा दाखिला गरिनेछ।

१५. प्रत्येक महिनाको रनिङ बिलबाट बिल रकममा उल्लेख भएको १३% मु.अ. करको ३.२५% रकम कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गरिनेछ।

१६. कुकुर दाना (आहार) आपुर्तिकर्ताले नमूना बमोजिमको कुकुर दाना (आहार) आपुर्ति गर्न नसकेमा कुकुर दाना (आहार) खाने खुवाउने तर्फ कुनै बाधा व्यावधान भए सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई कुकुर दाना (आहार) खरीद सम्झौता रद्ध गरिने छ।

यस सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावाली २०६४ (संसोधन सहित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

प्रदेश प्रहरी प्रमुख
(पुरुषोत्तम कंडेल)
प्रहरी नायव महानिरीक्षक